## सम्पादकीय

समय कसरी बित्दो रहेछ पत्तै भएन। नेपाली सुरुवात गर्दा पीर लागेको थियो। यसलाई राम्ररी हिँडाउन सकिएला कि नसकिएला; बीचैमा अरूलाई लागेको जस्तो सुकेनासको रोगले, घातक क्षयरोगले पो छोप्ने हो कि ! आदि, इत्यादि । धन्न सबैको माया, स्नेह, सहानुभूति पाइँदै गयो। अब त यो चवन्न वर्षको तन्नेरी बन्न पुगेको छ । अङ्कको हिसाबले हेर्ने हो भने २०० औँ अङ्क हो यो। सम्झँदा पनि कहिलेकाहीँ त साँच्चै नै हो २०० अङ्क पुगेको जस्तो हुन्छ। कतै स्वप्न त होइन यो भनेजस्तो पनि लाग्छ। नहोस् पनि किन पत्र-पत्रिकाको लामो इतिहासको कालखण्डमा कत्रा-कत्रा महान् उद्देश्य राखेर कति निक्ले। थोरै यति थोरै कि औँलामा गन्न हुने मात्र बाँचेका छन्, इतिहास रच्न पाएका छन्। आफूले देख्दा-देख्दै, हेर्दा-हेर्दै कति आफूभन्दा जेठा पत्र-पत्रिकाहरू विलुप्त बने, आफ्नै वयका, हाराहारीका पनि कति त्यसै बिलाए । कहिलेकाहीँ आफूले आफैलाई चिमोटेर के साँचो हो भनेर हेर्नुपर्ने हो कि जस्तो पनि लाग्छ। तर नेपाली २०० औँ अङ्क यहाँको हातमा छ यसैले यो सही हो भन्नै पर्छ।

यस अङ्कका लागि कसैलाई विषय तोकेर अनुरोधपत्र नपठाई जे चाहनुहुन्छ आफ्नो दृष्टिले उपयोगी सम्झेको विषयमा लेखी दिनुहोस् भन्यौँ । विषय स्वतन्त्रताको कारण भिन्न-भिन्न विषयमा लेखहरू आए, तीमध्ये धेरैजसो संस्मरणात्मक लेख छन्; कुनै इतिहासपरक, कुनै संस्कृतिपरक त कुनै सामाजिक परिवेशसम्बद्ध भिन्नाभिन्नै स्वादका लेखहरू छन्। एककिसिमले क्वाँटीजस्तो छ भनौँ न। कुनै एकको

स्वादमा मात्र रमाउन पाइनेभन्दा पनि सबैको स्वाद आउने किसिमको पूर्तिदायक ! सुरुमा ५०० पृष्ठसम्मको तयार पार्नुपर्ला यो २०० औं अङ्क किनभने १८५ औं अङ्क साढे चार सय पृष्ठको हाराहारीको थियो । त्योभन्दा कम पृष्ठको त हुनु होला जस्तो लागेन । एककिसिमले प्रतिस्पर्द्धात्मक भावनाले स्थान पायो मनमा । मनै त हो त्योभन्दा कममा त जानै हुन्न भन्ने विचारले जरो गाड्यो अनि त यत्रो बृहदाकार अङ्क बन्न पुग्यो २०० औँ अङ्क । नेपालीका अऋ भनौँ मदन पुरस्कार गुठीका शुभेच्छुक विद्वान्, विदुषीहरूकै देन हो यो यत्रो विशालकाय कलेवर हुनुको रहस्य । उहाँहरू सबैलाई कृतज्ञता ज्ञापन गर्नै पर्छ । यस्तै किसिमको सहयोग अक्षुण्ण रहिरहोस् नेपाली भाषाको श्रीवृद्धिमा । नेपालीलाई आजको अवस्थासम्म ल्याइपुऱ्याउन मद्दत गर्ने अतीतका विद्वान्, विदुषी तथा स्रष्टाहरूलाई पनि यस अवसरमा धन्यवाद दिनै पर्छ । नेपालीको जन्म हुँदादेखि अहिलेसम्म जस-जसले, जुन रूपमा जे-जसरी सहयोग पुऱ्याउनुभयो त्यो स्तुत्य छ ।

मदन पुरस्कार गुठीको मुखपत्रजस्तो गरेर आजसम्म जति नेपाली अङ्कहरू प्रकाशित भए त्यसले नेपाली साहित्यको इतिहासमा जरुर केही इँटा थप्ने काम गरेको छ होला जस्तो लाग्छ । हुन त यो हामीले भन्दा पनि नीरक्षीरविवेकी समीक्षक, अध्येता एवं पाठकहरूले भन्ने कुरा हो । कसैले तपाईं भनोस् कि नभनोस् आफै मपाईं हुन खोजेको चाहिँ जरुर होइन । नेपाली भाषा-साहित्यको सेवा गर्न मदन पुरस्कार गुठीको स्थापनाले सिर्जना गरेको उपयुक्त परिस्थितिको स्रोतको रूपमा सदैव प्रेरणाको खानीतुल्य बनेर रहने सम्माननीया रानी जगदम्बादेवी र ले.ज. मदनशमशेर ज.ब.रा.लाई पनि सम्झनै पर्ने हुन्छ । उहाँहरूको कीर्तिलाई यसले बढायो बढाएन त्यो अरूले भन्ने कुरा हो तापनि हामी भने सदैव ऋणी छौँ उहाँहरूप्रति । उहाँहरूको नामले स्थापित मदन पुरस्कार गुठीको नामबाट नेपाली भाषा, साहित्यको क्षेत्रमा विविध रूपले सेवा गर्ने अवसर जुटेको छ, जुटाइदिएको छ । त्यसो त "नेपाली भाषामा उच्चकोटीका ग्रन्थहरूको सिर्जना भई भाषा भण्डार उत्तरोत्तर बढ्दै जाओस् र त्यसको लागि लेखक वर्गलाई प्रोत्साहन मिलोस्" भन्ने उद्देश्य नै मदन पुरस्कार

गुठीको रहेको छ । यसले जे-जति कार्य गर्छ त्यसैलाई दृष्टिगत गरेरै गर्छ ।

समालोचना र सम्पादनका क्रममा जीवित तथा मृत दुवै थरी कवि, लेखक तथा महामनाहरूलाई 'तपाईं' नभनी ऐतिहासिक 'तिमी' नै प्रयोग गर्ने विधि नेपालीले अपनाइआएकोमा त्यसलाई यस २०० औँ अङ्कमा त्यही रूपमा ग्रहण नगरिएको सादर जानकारी गराउँदछौँ ।

यो २०० औँ अङ्कलाई बृहदाकार र महनीय बनाउन सघाउ पुऱ्याउने सबै लेखक, स्रस्टाहरूप्रति आभार व्यक्त गर्दै लगन र परिश्रमका साथ दिनरात नभनी खटिने जगदम्बा प्रेसका कर्मचारी, मदन पुरस्कार गुठीका कार्यालय-सचिवलगायत प्रत्यक्ष, अप्रत्यक्षरूपले सहयोग पुऱ्याउने सबैप्रति धन्यवाद ज्ञापन गर्दछौँ ।

(– गो.ट.)

## यो अङ्क

कसैले तपाईं भनोस् नभनोस् आफै मपाईं बन्नु उचित होइन । त्यो जान्दाजान्दै पनि, बुझै पचाएर, क्षमा माग्दै भन्नुपरेको छ– 'नेपाली'को यो पूर्णाङ्क २०० अनेक प्रकारले ऐतिहासिक भएर झुल्किएको छ । पैलो त के भने ('गोर्खापत्र' बाहेक) कुनै नेपाली पत्रपत्रिका निरन्तर रूपमा पचास वर्षसम्म एकनास निस्केको छैन । 'नेपाली'ले यो अभिलेख कायम गरेको छ यस अङ्कबाट । कैल्यै नरोकिई, कुनै अङ्क संयुक्ताङ्कसम्म नगरी 'नेपाली'ले आफ्नो पचास वर्ष पूरा गरेको छ । त्यसबाट हामीले केही आत्मसन्तुष्टि प्राप्त गरेका छौँ । अरु अङ्क १ देखि २०० सम्म पुग्दा पनि 'नेपाली'ले आफ्नो रूपरङ्गमा समेत परिवर्तन गरेको छैन। समजीले बनाइदिएको 'नेपाली'को लोगो-नाम अगाडि मुखपृष्ठमा र पछाडि एकै जना सम्पादकको नाम यति दिन बोकेर यो देखा परिरहेको छ। त्यो पनि एउटा 'रेकर्ड' नै हो भनिन्छ। त्यो होस् ।

तर, 'नेपाली' एउटा सानो आकारको पत्रिका हो, साधारणत: ४०-५० पृष्ठमात्र लिएर निस्कन्छ यो । हो, कैलेकाहीँ पृष्ठसङ्ख्या सयसम्म पनि पुग्छ, त्यो अपवाद हो । त्यस हिसाबले हाम्रो मदन

पुरस्कार स्वर्ण जयन्ती विशेषाङ्क पूर्णाङ्क १८५ अभूतपूर्व ठूलो भएको थियो । त्यसलाई पनि आकारमा उछिनेर यो अङ्क आएको छ । त्यो आफैमा त्यति महत्त्वपूर्ण कुरा होइन, तैपनि त्यसले हाम्रो यत्तिका वर्षको पृष्ठमा कन्जुस्याइँको बेजो पुऱ्याउँछ कि भन्ने तर्क गर्न मन लाग्छ ।

अरु अर्को इतिहास पनि रचिएको छ यसपटक– 'नेपाली'को यो पूर्णाङ्क एकै साथ मुद्रित रूपमा र डिजिटल प्रविधिबाट 'सी.डी.' का रूपमा समेत एकै साथ विमोचित हुँदै छ, (स्व.मदनशमशेरको ९१ औँ जन्मजयन्तीका दिन) मङ्सिर १ गते । अनि त्यसै दिन यसलाई 'अन-लाइन' पनि पठाइँदै छ मदन पुरस्कारको 'वेब-साइट', इन्टरनेटमा । त्यसबाट संसारमा छरिएर रहेका लाखौँ नेपाली पाठकलाई यो ऐतिहासिक प्रति तत्काल उपलब्ध हुनेछ ।

'अन-लाइन' पठाइएको 'नेपाली' पूर्णाङ्क २०० कामलाग्दो देखियो भने यसका पछिपछिका अङ्क पनि त्यसै गरी पठाउन हामीलाई उत्साह जाग्नेछ ।

यत्ति ।